नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
फलफूल विकास निर्देशनालय
शितोष्ण फलफूल रुटस्टक विकास केन्द्र
बोच, दोलखा

# शितोष्ण फलफूल रुटस्टक विकास केन्द्र बोच,दोलखा

## पुन : शिलबन्दी बोलपत्र आह्वानको सुचना

दोस्रो पटक प्रकाशित मिति २०७४/१२/२७

(राजधानी दैनिक)

यस केन्द्रको परिसर भित्र चालु आ.व. २०७४/०७५ मा तपसिलको निर्माण कार्य शिलबन्दी बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इच्छुक नेपाली निर्माण व्यवसायीहरु बाट शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

**शर्तहरु**

१. ठेक्का इजाजत पत्र, २०७३/०७४ सम्मको कर चुक्ता प्रमाणपत्र, मु.अ.क.दर्ता प्रमाण पत्र, ठेक्का इजाजत पत्र नविकरण भएको नोटरी पब्लिकबाट प्रतिलिपी प्रमाणित समेत राखी निम्न अनुसारको नगद राजश्व (पछि फिर्ता नहुने) बुझाइ सूचना प्रकाशित मितिले १५ दिन भित्र बोलपत्रदाता स्वयं वा आधिकारीक प्रतिनिधीले निवेदन दिइ यस केन्द्र र कोष तथा लेखा नियन्त्रक कार्यालय चरिकोट दोलखाबाट कार्यालय समय भित्र खरिद गरिसक्नु पर्नेछ ।

२. खरिद गरिएको बोलपत्र प्रष्टसंग भरी बोलपत्रदाताले प्रत्येक पानामा दस्तखत र छाप लगाइ १६ औं दिन दिनको १२:०० बजे भित्रमा यस केन्द्रमा दर्ता गराई सक्नु पर्नेछ । जुन फर्मको नाममा बोलपत्र खरिद गरिएको हो सोही फर्मको नामबाट मात्र शिलबन्दी बोलपत्र दर्ता गर्नुपर्नेछ । दर्ता भएका शिलबन्दी बोलपत्रहरु सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधी र ठेकेदार प्रतिनिधीको रोहबरमा यसै केन्द्रमा खोलिनेछ । बोलपत्रदाताहरु वा प्रतिनिधी उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र साथ तपसिलमा उल्लेखित रकम धरौटी जमानत बापत को.ले.नि.का. दोलखाको नाममा नेपाल बैंक चरिकोट शाखामा रहेको ख ३ धरौटी हिसाब नं. १३००२०००००००००००३३ मा (कार्यालयको नाम शितोष्ण फलफूल रुटस्टक विकास केन्द्र, बोच, दोलखा, कार्यालय कोड नं. २२-३१२-०८) जम्मा गरेको सक्कल दोस्रो प्रति भौचर वा नेपाल राष्ट्र बैंकबाट क वर्गको मान्यता प्राप्त बैंकबाट वा कुनै वाणिज्य बैंकबाट यस केन्द्रको नाममा जारी भएको बैंक जमानी पत्र (बिडबण्ड) बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद रहेको सक्कलै पेश गर्नु पर्नेछ ।

४. बोलपत्रमा दररेट उल्लेख गर्दा प्रत्येक कलममा अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ र जोड जम्मा गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाइ मान्यता दिइनेछ । केरमेट भएको ठाँउमा हस्ताक्षर र छाप लगाउनु पर्नेछ ।

५. म्याद भित्र दर्ता नभएको, रित नपुगेको र शर्त राखीएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

६. बोलपत्र खरिद गरी दर्ता गराउने बोलपत्रदाता वा फर्मले सेमी हाइटेक पोली हाउस निर्माण कार्य सम्बन्धी राम्रो ज्ञान (knowledge), अनुभव (Experience) र बोलपत्र डकुमेन्टमा भएका स्पेसिफिकेशनँ (Specification) र अन्य विवरण समेतको राम्रो अध्ययन गरी तोकिएको समयमा कार्य सम्पन्न गर्न सकिनेछ भनी बोलपत्र भरी पेश गरेको मानिनेछ ।

७. केन्द्रको हितलाई ध्यानमा राखी बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ ।

८. यस निर्माण कार्य सम्बन्धी थप कुरा बुझ्नु परेमा कार्यालय समय भित्र मोबाइल नं. ९८५८०८५८१२ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।

९. यस सुचनामा छुट हुन गएका अन्य व्यहोरा सार्वजनीक खरिद ऐन २०६३, नियमावली २०६४ र प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

### तपसिल

| क. सं. | ठेक्का नम्बर | कामको विवरण | लागत अनुमान (कन्टिजेन्सी र भ्याट बाहेक ) | धरौटी रकम | बोल-पत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| २ | २०७४/०७५ शि.फ.रु.वि.के. | सेमी हाईटेक पोली हाउस निर्माण | रु.२९,५४,१७४।४६ | रु.८३,०००।- | रु.३,०००। | |

बरिष्ठ फलफूल विकास अधिकृत